# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड १०, संख्याः १, वैशाख १४ गते, २०८३ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका बजेट तथा योजना तर्जुमा मापदण्ड, २०८३

कार्यपालिकामा प्रस्तावित मिति : २०८३।१।६

**प्रस्तावना :** व्यास नगरपालिकाद्वारा दीगो विकासका लक्ष्य प्राप्तिका लागि हरेक आर्थिक वर्षको योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्दा शहरी क्षेत्र, अर्धशहरी क्षेत्र र ग्रामिण क्षेत्र जस्ता विकासका पूर्वाधारहरु निर्माण गर्ने आधारमा न्यायोचित र समानुपातिक रुपमा बजेट वितरण गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड तयार गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "व्यास नगरपालिका बजेट तथा योजना तर्जुमा मापदण्ड, २०८३" रहेको छ ।

(२) यस मापदण्ड व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "वडा" भन्नाले व्यास नगरपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(घ) "मापदण्ड" भन्नाले व्यास नगरपालिकाको बजेट तथा योजना तर्जुमा मापदण्ड, २०८३ सम्झनुपर्छ ।

(ङ) "वस्ती क्षेत्र" भन्नाले वडाहरुले विभाजन गरेका आ-आफ्ना वडाका बढिमा ४ क्षेत्र (cluster) सम्झनुपर्छ ।

(च) "शहरी वडा" भन्नाले नेपाल सरकारबाट वर्गीकरण गरिएको वडा नं.१, २, ३ र ४ सम्झनुपर्छ ।

(छ) "अर्ध शहरी वडा" भन्नाले नेपाल सरकारबाट वर्गीकरण गरिएको वडा नं.५ र १० सम्झनुपर्छ ।

(ज) "ग्रामिण वडा" भन्नाले नेपाल सरकारबाट वर्गीकरण गरिएको शहरी, अर्ध शहरी वडा बाहेकका वडाहरु (वडा नं.६, ७, ८, ९, ११, १२, १३ र १४) सम्झनुपर्छ ।

३. **बजेट विनियोजन सम्बन्धी मापदण्ड :** (१) आन्तरिक आय, संघीय सरकारको समानीकरण एवं राजश्व बाँडफाँड अनुदान, प्रदेश सरकारको समानीकरण एवं राजश्व बाँडफाँड अनुदान,

मालपोतबाट प्राप्त हुने रजिष्ट्रेशन शुल्क हरेक आर्थिक वर्षको सञ्चित रकम जस्ता निशर्त कुल आयको सुनिश्चितता हुनुपर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित कुल आयको बजेटलाई विनियोजन गर्दा केन्द्र तथा प्रदेश सरकारको समपूरक योजना, केन्द्र तथा प्रदेश सरकारको नवप्रवर्तनीय योजना तथा कार्यक्रम, सडक बोर्ड नेपालको योजना, नगरपालिकाले प्रारम्भ गरेका दायित्व सृजना भएको योजना, कार्यालयको प्रशासनिक खर्च, कार्यक्रमगत एवं शाखागत चालु खर्च जस्ता शीर्षकमा पहिला बजेट विनियोजन गरिनेछ । बाँकी रहेको बजेटबाट अन्य क्षेत्रमा बजेट विनियोजन गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको बजेट देहाय बमोजिम विनियोजन गरिनेछ :

(क) नगर गौरवको योजना,

(ख) बहुवर्षीय आयोजना,

(ग) दीगो विकासतर्फका कार्यक्रम,

(घ) नगर स्तरीय कार्यक्रमलाई बजेट विनियोजन,

(ङ) फोहोमैला व्यवस्थापन केन्द्र रहेको क्षेत्रको पूर्वाधार निर्माण,

(च) आय आर्जन एवं रोजगारी वृद्धि गर्ने आयोजना ।

(४) प्रत्येक वडाका लागि जनसंख्या, भूगोल, विकासको अवस्था, मानव विकास सूचकांक, राजश्वको सम्भाव्यता, सुशासनको अवस्था (विधिवत कार्यवाहक तोकेको अवस्था, नागरिक वडापत्र, राजश्व बुझाएको अवस्था) का आधारमा सबै वडामा न्यूनतम रु.६० लाख र कार्यसम्पादनका आधारमा अधिकतम रु.४६ लाख गरी न्यूनतम रु.१ करोड र अधिकतम बढिमा रु.१ करोड ६ लाख रुपैयाँ बजेट सबै वडामा उपलब्ध हुनेछ । कार्यसम्पादन मूल्याङ्कनको मापदण्ड अनुसूची (१) अनुसार हुनेछ । यसरी प्राप्त हुन आएको वडास्तरीय बजेटलाई देहाय बमोजिम विनियोजन गर्नुपर्नेछ :

(क) उपदफा (४) बमोजिम वडाले प्राप्त गर्ने वडास्तरीय बजेटबाट बढीमा २५ प्रतिशत चालु खर्चमा बजेट विनियोजन गरी बाँकी बजेट पूँजीगत खर्चमा विनियोजन गर्नुपर्नेछ ।

(ख) वडास्तरीय बजेटबाट सम्बन्धित वडाको आवश्यकताको आधारमा बजेट विनियोजन गर्दा हरेक वडाले कृषि, कृषि सिंचाई, शिक्षा, सडक, खानेपानी, विद्युत, खेलकुद, सिप विकास, क्षमता विकास, तालिम कार्यक्रम, गोष्ठी, बैठक जस्ता सबै क्षेत्रहरु समेटी बजेट विनियोजन गर्नुपर्नेछ ।

(ग) वडास्तरीय बजेटबाट नै आफ्नो वडामा भएको सडक तथा नाला सफाईको लागि बजेट अनिवार्य रुपमा विनियोजन गर्नुपर्नेछ ।

(घ) वडाबाट वितरण हुने बजेटमा पूँजीगततर्फ न्यूनतम रु.१ लाखभन्दा कमको नहुने गरी बढिमा ३५ वटा योजना तथा कार्यक्रम छनोट गर्नुपर्नेछ ।

(ङ) वडास्तरीय बजेटबाट छुट्याइएको विपद् सम्बन्धी कार्यक्रममा चालुतर्फ न्यूनतम रु.१ लाख र पूँजीगततर्फ रु.४ लाख विनियोजन गरिनेछ ।

(च) वडाले बजेट विनियोजन गर्दा रु.१ लाखभन्दा कम लागतका अत्यावश्यक क्षेत्रमा खर्च गर्नु परेमा चालुतर्फ विविध चालुमा बढीमा रु.२ लाख र विविध पूँजीगत मर्मत सम्भार कोषतर्फ बढीमा रु.५ लाख राख्न सकिनेछ ।

(छ) पूँजीगततर्फ विनियोजित रकम चालुमा परिवर्तन गर्न सकिने छैन तर चालुतर्फ विनियोजित रकम पूँजीगततर्फ परिवर्तन गर्न सकिनेछ ।

(ज) सामान्यतः हरेक वडाले आफ्नो वडालाई बढिमा ४ भागमा विभाजन गरेर वडाका जनप्रतिनिधिलाई संयोजन गराई सम्बन्धित क्षेत्र (Cluster) का टोल विकास समितिको अध्यक्षको अध्यक्षतामा भेला राखी टोल वस्तीस्तरबाट हरेक वर्षको बैशाख महिनाभित्र योजना छनोट गरेर वडा समितिमा पेश गर्नुपर्नेछ ।

(झ) टोल वस्ती स्तरबाट सिफारिस भई आएका योजनाहरुलाई वडा समितिले सम्बन्धित सरोकारवालाहरुसँग छलफल एवं समन्वय गरी प्राथमिकताको

आधारमा जेठ १५ गतेभित्र निर्णय गरी नगरपालिकाको योजना तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरी सक्नुपर्नेछ ।

(५) नगरमा पूँजीगत विविध फुटकर योजना एवं मर्मत सम्भार कोषमा बढीमा रु.४० लाख र चालु विविध कार्यक्रमका लागि बढीमा रु.१५ लाखसम्म बजेट विनियोजन गर्न सकिनेछ ।

(६) उपदफा (२), (३), (४) र (५) बमोजिम बजेट विनियोजन गरे पश्चात् अत्यावश्यक प्रकृतिका नगरस्तरीय योजनाहरुमा बजेट विनियोजन गरी बाँकी रहेको बजेटलाई समतामूलक आधारमा वडाको जनसंख्या, भौगोलिक क्षेत्रफल, वडाको वर्गीकरणमा आधारित भई बजेट विनियोजन गर्न सकिनेछ ।

(७) वडाबाट विपद्, खानेपानी र जनस्वास्थ्यसँग सम्बन्धित विषय बाहेक अन्य योजना तथा कार्यक्रम वडाबाट सिफारिस भएका बढिमा २ योजनाहरु प्रत्येक दोस्रो कार्यपालिका बैठकमा निर्णय गरिनेछ । साथै यसरी निर्णय गर्नुपूर्व आवश्यक परेमा निवेदन उपर अनुगमन गर्नका लागि एक समिति रहनेछ र सो समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट निर्णय गरिनेछ । सिफारिस समितिमा निम्न सदस्यहरु रहनेछन् :

(क) संयोजक -उपप्रमुख
(ख) सदस्य -प्रमुख प्रशासकीय अधिकृत
(ग) सदस्य -पूर्वाधार विकास समिति संयोजक
(घ) सदस्य -संयोजकले तोकेको कार्यपालिकाको महिला सदस्य
(ङ) सदस्य सचिव -योजना तथा पूर्वाधार विकास शाखा प्रमुख

(८) लागत सहभागिताका योजनामा कम्तिमा शहरी वडाले २५ प्रतिशत, अर्धशहरी वडाले २० प्रतिशत र ग्रामिण वडाले १५ प्रतिशत नगद सहभागिता गर्नुपर्नेछ र लागत सहभागिताको एउटा योजना रु.५ लाखभन्दा कमको हुने छैन । साथै अन्य योजनाको हकमा ग्रामिण र अर्धशहरी वडामा १० प्रतिशत र शहरी वडामा १५ प्रतिशत नगद वा जनश्रमदान गर्नुपर्नेछ । तर शहरी, अर्धशहरी, ग्रामिण वडाहरु अन्तर्गत श्रमदान वा नगद जुट्न नसक्ने सार्वजनिक प्रकृतिका योजनाहरु (खेलकुद, धार्मिक, पर्यटन, विद्यालय) मा नगद वा श्रमदान गर्नुपर्ने भएमा सम्बन्धित वडाको सिफारिसमा नगर कार्यपालिकाको निर्णयले ५ प्रतिशतमा नघट्ने गरी सहभागिता तोक्न सक्नेछ ।

(९) कालोपत्रे सडकको संख्या दिनानुदिन बढ्दै गइरहेको अवस्थामा सडक बोर्ड नेपालबाट प्राप्त हुने बजेट अपुग हुन जाने हुनाले कालोपत्रे सडक मर्मतका लागि नगरस्तरीय बजेटको पनि व्यवस्था गर्न सकिनेछ ।

(१०) सडकको नयाँ ट्र्याक (कच्ची सडक) खन्ने कार्य र निजी घर घडेरीका सडक खन्ने कार्यलाई प्राथमिकता दिइने छैन र सडक विस्तार एवं स्तरोन्नतिमा प्रयोग हुने जेसिभि, एक्साभेटर, डोजर जस्ता मेशिन नगरपालिकामा अनिवार्य सूचीकृत गराउनु पर्नेछ ।

(११) विभिन्न समुदायका सामुदायिक नयाँ भवन र मन्दिर निर्माणमा आ.व.२०८३।०८४ का लागि नगर स्तरीय बजेट विनियोजन गरिने छैन । तर अधुरा भवनहरुको पूर्णता दिन बजेट विनियोजन गर्न सकिनेछ ।

(१२) सामान्यतया विपद् बाहेक टोल भेलाबाट छनोट भएका योजनाहरुबाट नै वडाले योजना सिफारिस गर्नुपर्नेछ । यसरी बजेट विनियोजन गर्दा आयआर्जन र रोजगारी प्रवर्द्धनलाई ध्यान दिनुपर्नेछ । तर दुई वा दुईभन्दा बढी टोललाई समेट्ने योजना वडा समितिले थप गर्न सक्नेछ ।

(१३) अन्य निकायबाट प्राप्त हुने योजनाहरु सोही आर्थिक वर्षमा सम्पन्न हुने भएमा नगरपालिकाका प्राविधिकद्वारा योजना सञ्चालन गर्ने कार्यमा प्राविधिक सहयोग प्रदान गर्न सकिनेछ ।

(१४) बजेट निर्माण गर्दा क्रमागत योजनाको हकमा सम्झौता भई काम प्रारम्भ भएका पाँच लाख रुपैयाँभन्दा माथिका योजनाहरु मात्र क्रमागत योजनाको रुपमा समावेश गरी बजेट विनियोजन गरिनेछ । सम्झौता नभएका योजनाहरु क्रमागत योजनाको रुपमा समावेश गरिने छैन ।

अत्यावश्यक योजनाहरुलाई नयाँ आर्थिक वर्षको योजनामा समावेश गरिनेछ। यसरी समावेश गर्दा जुन तहबाट भएको हो सोही तहको बजेटमा समावेश गरिनेछ।

(१५) असारको सभाबाट स्वीकृत भएका योजनाहरु पौषको सभाभन्दा अगाडि संशोधन गरिने छैन।

(१६) विपद्, मर्मत सम्भार कार्य, खानेपानी एवं स्वास्थय सम्बन्धी अत्यावश्यक सेवा बाहेक अन्य योजना तथा कार्यक्रममा बजेट अवण्डामा राखिने छैन।

(१७) प्राकृतिक साधन उपयोग कर अन्तर्गत ढुङ्गा गिटी वालुवाको राजश्व बाँडफाँड वापतको प्रदेश सरकारलाई दिनुपर्ने रकम समेत विभाज्य कोषमा दाखिला गरी सोको ६० प्रतिशत रकमलाई आन्तरिक आम्दानीमा अनुमान गरिनेछ।

४. **योजना बैंक तयार गर्नुपर्ने** : (१) वडामा प्राप्त भएका सम्पूर्ण योजनाहरु वडा समितिले प्रमाणित गरी बजेट विनियोजन हुन बाँकी योजना तथा कार्यक्रमहरुलाई योजना बैंकको रुपमा राखी नगरमा योजना तथा कार्यक्रम पठाउँदा बजेट विनियोजन भएका वडास्तरीय योजना तथा कार्यक्रम सबै प्राथमिकताक्रममा राखी नगरस्तरीय योजना तथा कार्यक्रम बढीमा ५ वटा, प्रदेशस्तरीय योजना तथा कार्यक्रम बढिमा ३ वटा र संघस्तरीय योजना तथा कार्यक्रम बढिमा ३ वटा मात्र पठाउनुपर्नेछ। नगरले पनि वडाबाट प्राप्त भएका योजनाहरु नगर सभाबाट पारित गरी बजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई योजना बैंकको रुपमा सुरक्षित राख्नुपर्नेछ।

(२) प्रदेश र संघ स्तरीय समपूरक र विशेष योजनाको हकमा माघ मसान्त भित्र वडाबाट योजना छनोट गरी नगरपालिकामा पेश गर्नुपर्नेछ।

(३) आ.व. २०८३।०८४ देखि लागु हुने गरी योजना लागु गर्दा कन्टिन्जेन्सी रकम ३ प्रतिशतका दरले कट्टा गरिनेछ र सो ३ प्रतिशत मध्ये १.५ प्रतिशत मर्मत सम्भार कोषमा छुट्याइने गरी कानुनमा संशोधन मिलाइनेछ।

५. **पूर्व बजेट तयारी** : हरेक आर्थिक वर्षको जेठ १० गतेभित्र नगर सभा सदस्य, सल्लाहकार सदस्य, विज्ञहरु, उद्योग वाणिज्य संघ, नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिहरु समेत सरोकारवालाहरुको सहभागितामा पूर्व योजना तर्जुमा गोष्ठी अनिवार्य रुपमा आयोजना गरिनेछ।

६. **बजेट निर्माण सम्बन्धी प्रकिया** : प्रत्येक आर्थिक वर्षमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७७ लाई पूर्ण पालना गरिनेछ । यस मापदण्डमा भएका व्यवस्था यसै बमोजिम र यसमा उल्लेख नभएका र संघीय दिग्दर्शनसँग बाझिएका विषय योजना तर्जुमा दिग्दर्शन २०७७ बमोजिम हुनेछ।

७. **मापदण्ड संशोधन** : यो मापदण्डमा आवश्यकतानुसार संशोधन गर्न कार्यपालिकालाई अधिकार हुनेछ।

८. **बाधा अड्काउ फुकाउने** : यो मापदण्डको कार्यान्वयनको कममा कुनै बाधा, अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ।

९. **खारेजी र बचाउ** : व्यास नगरपालिका बजेट तथा योजना तर्जुमा मापदण्ड २०८१ लाई खारेज गरिएको छ। सोबाट भए गरेका काम कारबाही यसै बमोजिम भएको मानिनेछ।

## अनुसूची १
### (दफा ३ को उपदफा ४ सँग सम्बन्धित)
### कार्यसम्पादन मूल्याङ्कन मापदण्ड

**वडागत बजेट सीमा निर्धारण**

| सि.नं. | वडास्तरीय अनुदान सूचकहरु | पूर्णाङ्क | वडा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | जनसंख्याको स्थिति जना | ५ | १४५९४ | ७६११ | ३८५१ | ८००० | ८०८३ | ४५२९ | ३३४४ | १८१६ | ३०६१ | ७१९४ | ६३१६ | ४७०३ | ३५२५ | २३१२ |
| | अङ्क | | | | | | | | | | | | | | | |
| २ | क्षेत्रफल (वर्ग किलोमिटर) | ५ | ८.९० | ०.३२ | ०.७२ | २.१० | २०.१४ | ३५.३१ | २१.१७ | २०.०५ | २५.०३ | १५.०८ | ३३.३० | १५.३७ | २६.०४ | २४.४७ |
| | अङ्क | | | | | | | | | | | | | | | |
| ३ | मानव विकासको अवस्था | ५ | | | | | | | | | | | | | | |
| | अङ्क (न्यून ५, मध्यम ४, सामान्य ३) | | | | | | | | | | | | | | | |
| ४ | पूर्वाधार विकासको अवस्था | ५ | | | | | | | | | | | | | | |
| | अङ्क (न्यून ५, मध्यम ४, सामान्य ३) | | | | | | | | | | | | | | | |
| ५ | राजश्व परिचालन/सङ्कलनको अवस्था | ५ | | | | | | | | | | | | | | |
| ५.१ | सबैभन्दा बढी राजश्व सङ्कलन गर्ने ३, कुल वडागत आन्तरिक श्रोतको ७.५% सङ्कलन गर्ने २, न्यून राजश्व सङ्कलन गर्ने १ | | | | | | | | | | | | | | | |
| ५.२ | सङ्कलित राजश्व २४ घण्टाभित्र बुझाउने २, हप्तामा बुझाउने १, हप्ताभन्दा बढी ढिलागरी बुझाउने ० | | | | | | | | | | | | | | | |
| ६ | लागत सहभागिताको अवस्था | ३ | | | | | | | | | | | | | | |
| | नगद सहभागिता गर्ने २, जनसहभागिता गर्ने १ नगर्ने (कागजमा मात्र) ० | | | | | | | | | | | | | | | |
| ७ | सुशासनको अवस्था | ३ | | | | | | | | | | | | | | |
| ७.१ | **कार्यालय भवन** : आफ्नै भवनबाट सञ्चालन गरेको ३, अन्य कुनै सरकारी भवनबाट सञ्चालन गरेको २, भाडाको भवनबाट सञ्चालन गरेको १ | | | | | | | | | | | | | | | |
| ७.२ | **बेरुजुको अवस्था** : वडाका जनप्रतिनिधि, कर्मचारी वा वडा कार्यालयको नाममा रहेको पेश्की वा बेरुजु ३५ दिनभित्र फछ्र्योट गरेको २, ३५ दिनपछि फछ्र्योट गरेको १, हालसम्म पनि फछ्र्योट नगरेको | २ | | | | | | | | | | | | | | |

| सि.नं. | वडास्तरीय अनुदान सूचकहरु | पूर्णाङ्क | वडा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | ० | | | | | | | | | | | | | | | |
| ७.३ | **वडा समिति बैठक व्यवस्थापन** : वडा समितिको बैठक मिति तय गरी हरेक महिना नियमित रुपमा बस्ने गरेको २, आकस्मिक रुपमा बस्ने गरेको १, कुनै महिना बस्न नसकेको ० | २ | | | | | | | | | | | | | | |
| ७.४ | **जिम्मेवारी हस्तान्तरण** : वडाध्यक्षले ३ दिनभन्दा बढी कार्यक्षेत्र छाडी जाँदा नगर प्रमुखसँग स्वीकृति लिई सदस्यलाई कार्यवाहक दिने गरेको १, नगरेको ० | १ | | | | | | | | | | | | | | |
| ७.५ | **बिदाको स्वीकृति** : कर्मचारीले कार्यालय छाडी जाँदा प्रमुख प्रशासकीय अधिकृतसँग स्वीकृति लिएको १, जानकारी नगराई बिदा बस्ने गरेको ० | १ | | | | | | | | | | | | | | |
| ७.६ | **समय पालना** : कर्मचारीहरु कार्यालय समयमा आउने र ५ बजेपछि जाने गरेको | १ | | | | | | | | | | | | | | |
| ७.७ | **पोशाक** : कर्मचारीले पोशाक लगाए नलगाएको | १ | | | | | | | | | | | | | | |
| ७.८ | **वडापत्र र उजुरी पेटिका** : नागरिक वडापत्र र उजुरी पेटिकाको अवस्था | १ | | | | | | | | | | | | | | |
| ७.९ | **अनलाइन सेवा** : बिलिङ्ग, घटना दर्ता, पत्रचारमा अनलाइन सेवा सुरु गरेको | १ | | | | | | | | | | | | | | |
| ७.१० | **सरसफाई केन्द्र** : ल्याण्डफिल साइट भएको वडा | ५ | | | | | | | | | | | | | | |
| | **कार्यसम्पादनमा आधारित अनुदान** | ४६ | | | | | | | | | | | | | | |
| | **न्यूनतम अनुदान** | ६० | | | | | | | | | | | | | | |
| | **कुल अनुदान** | १०६ | | | | | | | | | | | | | | |

आज्ञाले
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत